# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी बेचन यादव मगरदैता रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी बेचन यादव मगरदैता रहेको घुस/रिसवत दिई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १. | बेचन यादव मगरदैता (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०११० र फैसला मिति २०८०/०७/१४) | सरकारी रकम हानी नोक्सानी र घुस/रिसवत समेत दिई भ्रष्टाचार गरेको। | प्रतिवादी शिवनारायण यादव भएको सरकारी रकम हानिनोक्सानी र घुस रिसवत मुद्दामा विशेष अदालतमा (मु.नं. ०७९-CR-००३४) मुद्दामा सरकारी साक्षीको रुपमा पेश गरेको बेचन यादव मगरदैताले मिति २०७९।०८।१४ गते गरेको वकपत्रको प्रमाणित प्रतिलिपी पठाइएको भन्ने व्यहोराको पत्रबाट प्राप्त वकपत्र प्रतिकुल भएको भन्ने उजुरी सम्बन्धमा बाबा कृष्णा राम पशु फार्म, सप्तरीको संचालक बेचन यादव मगरदैतालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५५ अनुसार सजायको मागदाबीमा पूर्णरुपमा छुट दिई सरकारी साक्षीका रुपमा पेश गरेकोमा निजले आयोगबाट अनुसन्धानको क्रममा गरिएको वयानको व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको तथ्य पुष्टी हुन आएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा १५ को प्रतिवन्धात्मक वाक्यांश तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिवन्धात्मक वाक्यांश वमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोगको प्रतिकुल हुने गरी बयान दिएमा निज उपर पुनः मुद्दा दायर गर्न सकिने स्पष्ट व्यवस्था रहेको। तसर्थ यस | **फैसलाः**<br>प्रतिवादी बेचन यादव मगरदैताले आरोपीत कसुरबाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** प्रतिवादी बेचन यादव मगरदैताले नै प्रतिवादी शिव नारायण यादवलाई घुस रकम दिएको होइन, सापटी फिर्ता गरेको हो भनी उजुरी व्यहोरा खण्डित हुने गरी बकपत्र गरेको। | **क.** विशेष अदालतले प्रतिवादी बेचन यादव मगरदैताले नै प्रतिवादी शिव नारायण यादवलाई घुस रकम दिएको होइन, सापटी फिर्ता गरेको हो भनी उजुरी व्यहोरा खण्डित हुने गरी बकपत्र गरेको भन्ने आधार ग्रहण गरेको सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानुनी व्यवस्था रहेको। यसमा उजुरी कर्ता वेचन यादवको किटानी उजुरी, निज वेचन यादवले मुद्दा नं. ०७९-CR-००३४ को अनुसन्धानको क्रममा गरेको वयान, प्रतिवादी शिव नारायण यादवले घाँस खरिदमा भुक्तानी गरेको रु ७०,०००।– बाट घुस रकम माग गरेकोले घुस रु.२१,०००।– निजले भने बमोजिम खातामा जम्मा गरेको हो भनी खुलाईएकोमा उक्त व्यहोराको पुष्टि हुने गरी पेश भएको बैंक स्टेटमेन्ट लगायतका प्रमाणहरुले प्रतिवादी बेचन यादव मगरदैताले प्रतिवादी शिव नारायण यादवलाई घुस रकम दिएको हुँदा घुस दिने कसूरमा संलग्नता पुष्टि भई रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट प्रतिवादी शिव नारायण यादवलाई उन्मुक्ति दिलाउने उद्देश्यले गरेको प्रतिवादी बेचन यादव मगरदैताले प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा ईन्कारी वयान गरेको देखिएको भने आफ्नै उजुरी र अनुसन्धानको वयानलाई खण्डित हुने गरी वकपत्र समेत गरेको देखिएको।<br>**ख.** सह प्रतिवादी शिव नारायण यादवले अनुसन्धानका क्रममा गरेको वयानको स.ज. ११ मा "बाबा कृष्णा राम पशु फर्मका प्रोप्राइटर वेचन यादवसंग पहिले देखि चिनजान नभएको।फर्महरु अनुगमनको सिलसिलामा त्यहा पुग्दा चिनजान भएको थियो।उक्त फर्ममा घाँसको सेट्सहरु लगाएको र विक्री गर्छ भन्ने गरेको हुँदा त्यहीबाट घाँसको सेट्सहरु खरिद गरिएको।मिति एकिन हाल भएन चेकबाट रु.७०,०००।— हजार र वाँकी नगदबाट भूक्तानी गरिएको हो रु.४,३०,०००।— साथै निजसंग कुनै लेनदेन नभएको । छैन" भनी उल्लेख गरेको वयान व्यहोराले नै निज प्रतिवादी शिव नारायण यादव र घाँस विक्रेता वेचन यादव विच कुनै लेनदेन छैन भन्ने पुष्टि भएको।साथै प्रतिवादी बेचन यादव मगरदैताले समेत मुद्दा नं. ०७९-CR-००३४ को अनुसन्धानको क्रममा गरेको वयानको स.ज.४ मा "पशु अधिकृत शिव नारायण यादवले मेरो फर्मबाट करिव रु.१,००,०००।— मूल्य बरावरको सुपर नेपियर जातको घासको विरुवाहरु खरिद गरेकोमा निजले मलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आयोगबाट मिति २०७९।०६।०७ मा विशेष अदालत काठमाण्डौमा दायर भएको मु.नं. ०७९-CR-००३४ को मुद्दामा रहेको आधार प्रमाण र यस मुद्दाका अनुसन्धानको क्रममा विवेचित आधार/प्रमाणवाट प्रतिवादी बेचन यादव मगरदैता उपर विशेष अदालत समक्ष पुरक आरोपपत्र दायर गरिएको। | | रु.७०,०००।— को मात्र चेक दियो। फेरी उसले कमिसन वापत भनी मलाई रकम दिन भनी मलाई राजविराज बोलाई धम्काई अफिसमा बिल पास भएको छैन भनि मबाट रु.२१,०००।— लिएको हो। त्यो रकम NIC ASIA बैंकमा मेरो फार्मको नाममा रहेको खाता नम्वर २६९४१५००४३०२३००२ को चेकबाट मैले दिएको हुँ सो रकम वाहेक निजसंग मेरो अन्य कुनै आर्थिक कारोवार भएको लेनदेन भएको छैन" भनी सापटी लेनदेनको विषय कही कतै वयान व्यहोरामा उल्लेख भएको पाईदैन।सापटी रकम लेनदेन थियो भने पनि सापटी लिदाको अवस्थाको भरपाई अथवा बैक खाता देखाउन सकेको अवस्था पनि छैन केवल आरोप दावीबाट उन्मुक्ती पाउने उद्देश्यले मिलेमतोमा सापटी लेनदेन फिर्ता गरेको भनी उल्लेख गरेको सम्म मात्र देखिएको। प्रतिवादी शिवनारायण यादव राष्ट्रसेवक कर्मचारी समेत रहेका छन् भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५ को उपदफा (१) मा "आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नु पर्ने कुनै काममा कुनै प्रकारले असर पर्न सक्ने गरी कुनै राष्ट्रसेवकले कसैबाट नेपाल सरकार वा सार्वजनिक संस्थाको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्य वा अरु कसैद्वारा कुनै प्रकारको दान, दातव्य, उपहार, कोसेली, चन्दा वा कुनै किसिमको लाभ स्वीकार गर्ने वा आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामसँग सम्वन्धित व्यक्तिसँग सापटी लिने राष्ट्रसेवकलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि छ महिनासम्म कैद गरी बिगो जफत गरिनेछ" भन्ने प्राबधान रहेको। उल्लिखित प्राबधानबाट "आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामसँग सम्वन्धित ब्यक्तिसँग सापटी लिने राष्ट्रसेवकलाई कसूरको मात्रा अनुसार" सजाय हुन सक्ने देखिएको। सोही प्रावधान प्रतिकूल हुनेगरी प्रत्यर्थी प्रतिवादी रमेश कुमार तामाङले सेवाग्राही रामकृष्ण हुमागाँईबाट रकम सापटी लिएको देखियो। तसर्थ, प्रतिवादीलाई उक्त ऐनको दफा ५(१) बमोजिम सजाय हुने ठहर गरेको विशेष अदालतको फैसलामा कुनै कानूनी त्रुटी देखिन आएन" भनी सम्मानित सर्वोच्च अदालत संयुक्त इजलास मुद्दा भ्रष्टाचार (घुस/रिसवत) (मुद्दा नं. ०७३-CR-११८२) मा फैसला भएको अवस्था पनि रहेको छ।कसूरबाट उन्मुक्ति दिने अभिप्रायले प्रेरित भई आफैले दर्ता गराएको शुरु उजुरी व्यहोराको प्रतिकुल हुने गरी अदालत समक्ष झुठा बकपत्र गरेको मिसिल संलग्न कागजातबाट पुष्टि भई रहेको अवस्थामा अन्य प्रमाणहरुको मूल्याकंन नगरी प्रतिवादी बेचन यादव मगरदैतालाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी रहेको। |